# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४९ | अङ्क ११ | साउन २०८२ | जुलाई-अगस्ट २०२५


# आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति सार्वजनिक



आ.व. २०८२/८३ को मौद्रिक नीति सार्वजनिक गर्नुहुँदै गभर्नर डा. पौडेल।

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति सार्वजनिक गरेको छ। बालुवाटारस्थित गभर्नरको कार्यकक्षबाट असार २७ गते गभर्नर प्रा.डा.विश्वनाथ पौडेलले मौद्रिक नीति सार्वजनिक गर्नुभएको थियो।

सहज मुद्रास्फीति, सुविधाजनक विदेशी विनिमय सञ्चितिको स्थिति र परिदृश्यलाई मध्यनजर गर्दै अर्थतन्त्रलाई गतिशील बनाउन मौद्रिक नीतिको कार्यदिशा सजगतापूर्वक लचिलो बनाइएको बैंकले जनाएको छ। वित्तीय स्थायित्व कायम गर्दै कर्जाको पहुँच र गुणस्तर अभिवृद्धि तथा कर्जा अधिकेन्द्रीकरण कम गर्न मौद्रिक उपाय र विवेकशील नियमन लगायतका नियामकीय व्यवस्थाहरूमा तादात्म्यता कायम गरिएको मौद्रिक नीतिको कार्यदिशामा उल्लेख छ।



आर्थिक वर्ष २०८२/८३ को

मौद्रिक नीति

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
असार २०८२

आर्थिक वर्ष २०८२/८३ मा ५.० प्रतिशतको हाराहारीमा मुद्रास्फीति र कम्तीमा सात महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त विदेशी विनिमय सञ्चिति कायम गर्दै नेपाल सरकारको बजेट वक्तव्यमा उल्लेख भएबमोजिम ६.० प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न मौद्रिक तरलता र विदेशी विनिमय व्यवस्थापन गरिने नीतिमा उल्लेख छ। आर्थिक वर्ष २०८२/८३ को लागि विस्तृत मुद्रा प्रदायको वृद्धिदर १३.० प्रतिशत र निजी क्षेत्रतर्फ जाने कर्जा वृद्धि दर १२.० प्रतिशतसम्म रहने प्रक्षेपण गरिएको छ।

ब्याजदर करिडोरको माथिल्लो सीमाको रुपमा रहेको बैंकदरलाई ६.५ प्रतिशतबाट घटाई ६.० प्रतिशत र ब्याजदर करिडरको तल्लो सीमाको रुपमा रहेको निक्षेप संकलन दरलाई ३.० प्रतिशतबाट घटाई २.७५ प्रतिशत निर्धारण गरिएको छ। नीतिगत दरलाई ५.०




प्रतिशतबाट घटाई ४.५ प्रतिशत कायम गरिएको मौद्रिक नीतिमा उल्लेख छ।

बैंकदरमा स्थायी तरलता सुविधा प्रदान हुने विद्यमान व्यवस्थालाई निरन्तरता दिइएको छ। त्यस्तै अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपातसम्बन्धी विद्यमान व्यवस्थालाई निरन्तरता दिइएको नीतिमा उल्लेख छ।

नीतिमा निजी आवासीय घर निर्माण र खरिद गर्न प्रवाह गर्ने कर्जाको सीमा रु.२ करोडबाट बढाई रु.३ करोड कायम गरिने उल्लेख छ। पहिलो घर निर्माण र खरिद गर्दा यस्तो कर्जा प्रवाहको लागि कर्जा मूल्य अनुपात बढीमा ८० प्रतिशतसम्म र अन्यको हकमा बढीमा ७० प्रतिशतसम्म कायम गर्न सक्ने व्यवस्था मिलाइने नीतिमा उल्लेख छ। यसै गरी विद्यमान कर्जाको वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था अध्ययन गरी आवश्यकतानुसार पुनरावलोकन गरिने जनाइएको छ।

चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शनलाई कृषि, साना तथा घरेलु उद्योग, शिक्षा, स्वास्थ्य, खेलकुद, सञ्चार र मिडिया हाउस लगायतको व्यवसायको प्रकृति र कर्जा भुक्तानी-आम्दानी चक्रको आधारमा आवश्यकतानुसार परिमार्जन गरिने नीतिमा उल्लेख छ।

बैंक तथा वित्तीय संस्थाहरूबाट शेयर धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जाको विद्यमान एकल ग्राहक कर्जा सीमा रु.१५ करोडबाट बढाई रु.२५ करोड बनाइने नीतिमा उल्लेख गरिएको छ। चेक अनादरको कारण कालो सूचीमा पर्ने विद्यमान व्यवस्थामा नीतिगत सहजीकरण गरिने जनाइएको छ।

लघुवित्त वित्तीय संस्थाले हालको व्यवस्थाअनुसार वार्षिक १५ प्रतिशतभन्दा बढी लाभांश (नगद वा बोनस) वितरण गर्नेसम्बन्धी विद्यमान व्यवस्थामा पुनरावलोकन गरिने नीतिमा उल्लेख छ। वैदेशिक रोजगारीमा जाने युवाहरूलाई धितो लिई वा नलिई प्रवाह भएको रु.३ लाखसम्मको कर्जालाई विपन्न वर्गको कर्जामा गणना गर्न सकिने व्यवस्था गरिने जनाइएको छ।

आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिमा सहजीकरण हुने गरी "नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८" लाई संशोधन गरिने जनाइएको छ।

भारतबाहेक अन्य मुलुकहरूको भ्रमणमा जाने नेपाली नागरिकहरूलाई हाल प्रतिपटक अमेरिकी डलर २,५०० सम्म सटही सुविधा उपलब्ध गराउने व्यवस्था रहेकोमा यस्तो सटही सुविधा वृद्धि गरी अमेरिकी डलर ३,००० कायम गरिने नीतिमा उल्लेख छ। बंगलादेश र श्रीलंकालगायत विदेशी मुद्राको कारोबार बढ्दै गएको मुलुकहरूका मुद्रालाई परिवर्त्य विदेशी मुद्राको सूचीमा थप गर्दै लगिने जनाइएको छ।

ग्रामीण क्षेत्रमा ऋणीहरूसँग निरन्तर सम्वादमा रहने उद्देश्यले "ऋणीसँग नेपाल राष्ट्र बैंक" कार्यक्रम सञ्चालन गरिने जनाइएको छ। वित्तीय ग्राहक संरक्षण गर्न "वित्तीय ग्राहक संरक्षण मार्गदर्शन" एवम् वित्तीय बजार आचरणसम्बन्धी निर्देशन जारी गरिने नीतिमा उल्लेख छ।

मौद्रिक नीतिको कार्यान्वयनबाट मूल्य तथा बाह्य क्षेत्र स्थिरता र वित्तीय स्थायित्व कायम भई समष्टिगत आर्थिक स्थायित्व प्रवर्द्धन हुने, वित्तीय मध्यस्थता प्रभावकारी हुने, वित्तीय समावेशीकरण बढ्ने, भुक्तानी प्रणाली थप आधुनिक, सुरक्षित र भरपर्दो हुने तथा नेपाल सरकारले लिएको आर्थिक लक्ष्य हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

मौद्रिक नीति सार्वजनिक कार्यक्रम नेपाल टेलिभिजन एवम् नेपाल राष्ट्र बैंकको आधिकारीक फेसबुक पेज र युट्युब च्यानलमार्फत समेत प्रत्यक्ष प्रसारण गरिएको थियो।

मौद्रिक नीति सार्वजनिक पश्चात् आयोजित पत्रकार सम्मेलनमा नेपाल राष्ट्र बैंकका प्रवक्ता किरण पण्डितले सहज मुद्रास्फीति, सुविधाजनक विदेशी विनिमय सञ्चितिको स्थिति र परिदृश्यलाई मध्यनजर गर्दै अर्थतन्त्रलाई गतिशील बनाउन मौद्रिक नीतिको कार्यदिशा सजगतापूर्वक लचिलो बनाइएको जानकारी दिनुभयो।

पत्रकार सम्मेलनमा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेल, आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा.रामशरण खरेल, निर्देशक सत्येन्द्रराज सुवेदी, का.मु निर्देशक एवम् सूचना अधिकारी सुमन नेउपाने, तथा सञ्चारकर्मीलगायतको उपस्थिति थियो। ■

# गभर्नर डा. पौडेल Bank for International Settlements को ९५ औं वार्षिक बैठकमा सहभागी

गभर्नर प्रा.डा. विश्वनाथ पौडेल जुन २७ देखि २९, २०२५ सम्म स्विट्जरल्याण्डको बासेलमा आयोजित Bank for International Settlements (BIS) को ९५ औं वार्षिक बैठकमा सहभागी हुनुभयो ।

बैठकका क्रममा गभर्नर डा.पौडेल "CPMI Emerging Markets and Developing Economics-Bridging Gaps: Financial Inclusion, Regional Integration and Cross-Border Payments" तथा "BIS Innovation Hub Seminar: AI and Safety" विषयक अन्तरक्रिया कार्यक्रमहरूमा सहभागी हुनुभयो । उक्त कार्यक्रममा अन्तरदेशीय भुक्तानी प्रणालीमा केन्द्रीय बैंकहरूले गरेका उपलब्धि र सामना गर्नुपरेको चुनौती तथा केन्द्रीय बैंकमा कृत्रिम बौद्धिकता (AI) को प्रयोग र यसले बैंकिङ प्रणालीमा ल्याउन सक्ने चुनौती र त्यसलाई सम्बोधन गर्न केन्द्रीय बैंकहरूले अवलम्बन गर्नुपर्ने नीतिगत व्यवस्थाका सम्बन्धमा छलफल भएको थियो । साथै, गभर्नर डा. पौडेलले "Regulation and Competitiveness" विषयक अन्तरक्रिया कार्यक्रममा समेत सहभागिता जनाउनुभएको थियो । उक्त वार्षिक बैठकमा बीआईएसका महाप्रबन्धक अगस्टिन कार्सटेन्सले वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुभएको थियो भने प्राध्यापक Maurice Obstfeld ले "The International Monetary System: A Fork in the Road" विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।



गभर्नर डा. विश्वनाथ पौडेल तथा BIS का महाप्रबन्धक अगस्टिन कार्सटेन्स ।

वार्षिक बैठकका क्रममा गभर्नर डा.पौडेलले बीआईएसका महाप्रबन्धक अगस्टिन कार्सटेन्ससँग भेटघाट गर्नुभएको थियो । साथै, बीआईएस, बैंकिङ विभागका प्रमुख लुइस बेङ्गोचाको नेतृत्वमा उक्त विभागका उच्च अधिकारीहरू लगायतका प्रतिनिधिहरूसँग समेत बैठक गर्नुभएको थियो । सो बैठकमा लगानी विविधीकरणका लागि सुन खरिद तथा विश्व बजारमा उपलब्ध नयाँ नयाँ उपकरणहरूमा लगानी गरी विदेशी विनिमय सञ्चिति व्यवस्थापनबाट प्राप्त हुने प्रतिफल बढाउन नेपाल राष्ट्र बैंकसँग हुन सक्ने सहकार्य लगायतका विषयहरूमा छलफल भएको थियो । साथै, विदेशी विनिमय सञ्चितिलाई सुरक्षित, लाभदायक र प्रभावकारी व्यवस्थापन गर्न थप लगानीको अवसरका लागि आवश्यक सहकार्य गर्ने विषयमा समेत छलफल भएको थियो ।

उक्त वार्षिक बैठकको क्रममा गभर्नर डा. पौडेल र भारतीय रिजर्व बैंकका गभर्नर सञ्जय मल्होत्राबीच भेटघाट भएको थियो । उक्त भेटमा केन्द्रीय बैंकबीचको आपसी सम्बन्ध थप विस्तार गर्ने र आगामी दिनमा समेत दुई केन्द्रीय बैंकबीच द्विपक्षीय सहकार्य अभिवृद्धि गर्ने, भुक्तानी प्रणालीलाई सहज बनाउने र जनशक्तिको क्षमता विकास गर्ने लगायतका पक्षहरूमा निरन्तर समन्वय रहने विषयमा छलफल भएको थियो ।

यसैगरी, बैठकको क्रममा गभर्नर डा. पौडेल र People's Bank of China (PBC) का गभर्नर Mr. Pan Gongsheng बीच भेटघाट भएको थियो । PBC का गभर्नरसँगको भेटमा दुई केन्द्रीय बैंकबीच द्विपक्षीय सहयोग, बैकिङ कारोबार एवम् भुक्तानी प्रणालीलाई सहज र प्रभावकारी बनाउनका लागि निरन्तर सहकार्य गर्ने विषयमा छलफल भएको थियो ।

सन् १९३० मा स्थापित बीआईएस एक अन्तर्राष्ट्रिय वित्तीय संस्था हो, जसमा हाल ६३ वटा केन्द्रीय बैंकहरू सदस्य रहेका छन् ।

विश्वभर मौद्रिक र वित्तीय स्थायित्व कायम राख्ने उद्देश्यले स्थापित उक्त संस्थाले केन्द्रीय बैंकहरूबीचको सहकार्य र वित्तीय प्रणालीको विकास एवम् वित्तीय स्थायित्व कायम राख्नका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

गभर्नर डा. पौडेलका साथ बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक गोविन्दप्रसाद नागिला र गभर्नरको कार्यालयका निर्देशक एवम् सञ्चालक समितिका सचिव शरण कुमार अधिकारीको समेत सहभागिता रहेको थियो ।

उक्त बैठकमा बीआईएस सदस्य राष्ट्र एवं विश्वका विभिन्न देशका केन्द्रीय बैंकका गभर्नरहरू एवम् उच्च अधिकारीहरूको सहभागिता रहेको थियो । ■



गभर्नर डा. पौडेल BIS का बैंकिङ विभागका प्रमुख लुइस बेङ्गोचाको समूहसँग ।

# वरिष्ठ डेपुटी गभर्नर डा. तिम्सिना 47th SAARCFINANCE Governors' Group Meeting and Symposium' मा सहभागी



वरिष्ठ डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिना बंगलादेश बैंकले २०८२ असार ११-१३ (जुलाई २५-२७, २०२५) गते ढाकामा आयोजना गरेको '47th SAARCFINANCE Governors' Group Meeting and Symposium' मा सहभागी हुनुभयो। उक्त बैठकमा दक्षिण एसिया क्षेत्रका केन्द्रीय बैंकका गभर्नर, डेपुटी गभर्नर, अर्थ मन्त्रालयका अधिकारी र अन्य प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

SAARCFINANCE का वर्तमान अध्यक्ष एवम् बंगलादेश बैंकका गभर्नर Dr. Ahsan H. Mansur को अध्यक्षतामा सम्पन्न पहिलो दिनको Group meeting मा वरिष्ठ डेपुटी गभर्नर डा. तिम्सिनाले नेपालको वर्तमान आर्थिक तथा वित्तीय परिसूचक र वित्तीय समावेशिताको अवस्था बारेमा जानकारी दिँदै नेपाल राष्ट्र बैंकको तर्फबाट '47th SAARCFINANCE Governors' Group Meeting and Symposium' कार्यक्रम आयोजकलाई धन्यवाद तथा शुभकामना व्यक्त गर्नुभयो। उक्त बैठकमा दक्षिण एसिया क्षेत्रका उपस्थित प्रतिनिधिहरूले आ-आफ्नो देशको आर्थिक तथा वित्तीय अवस्था बारे जानकारी दिएका थिए।

SAARCFINANCE गभर्नरहरूको Group Meeting पश्चात् Symposium अन्तर्गत "Financial Inclusion and Central Banking: Bridging Gaps in the SAARC Region" विषयमा केन्द्रित सेमिनार अयोजना भयो। SAARCFINANCE का वर्तमान अध्यक्ष एवम् बंगलादेश बैंकका गभर्नर Dr. Ahsan H. Mansur ले सेमिनारमा उद्घाटन मन्तव्य राख्नुभयो। विशेष अथिति बंगलादेशका अर्थ सचिव (वित्त) Dr. Md. Khairuzzaman Mozumder र रोयल मनिटरी अथोरिटी भुटानका गभर्नर Mr. Dasho Penjore ले मन्तव्य राख्नुभयो भने बंगलादेश बैंकका डेपुटी गभर्नर Dr. Md. Habibur Rahman ले Keynote मन्तव्य राख्नुभयो। यसैगरी, बंगलादेश बैंक, अनुसन्धान विभागका कार्यकारी निर्देशक Dr. Sayera Younus ले स्वागत मन्तव्य दिनुभएको थियो।

Symposium मा बंगलादेश, भुटान, माल्दिभ्स, नेपाल, पाकिस्तान र श्रीलंकाले 'Financial Inclusion and Central Banking: Bridging Gaps in the SAARC Region' विषयमा Country Paper प्रस्तुत गरेका थिए। नेपालको तर्फबाट नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागका उप निर्देशक डा.गुणराज भट्टले प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा गभर्नरको कार्यालयका का.मु निर्देशक सुमन नेउपाने र उप-निर्देशक सुधा दुलाल आचार्यको समेत सहभागिता थियो।

सार्क फाइनान्स दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) मा आबद्ध मुलुकका केन्द्रीय बैंकका गभर्नर तथा अर्थ सचिवहरूको सञ्जाल हो। सार्क राष्ट्रबीच समष्टिगत आर्थिक नीतिको विषयमा छलफल र पारस्परिक सहयोग आदान प्रदान गर्ने उद्देश्यका साथ सन् १९९८ मा सार्क फाइनान्सको स्थापना भएको थियो। सन २००२ जनवरीमा काठमाडौंमा सम्पन्न 'एघारौं सार्क शिखर सम्मेलन' ले 'सार्क फाइनान्स' लाई औपचारिक मान्यता दिएको थियो। ■

# वार्षिक कार्ययोजना तथा बजेटसम्बन्धी व्यवस्थापन गोष्ठी सम्पन्न



संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले असार ६ र ७ गते काठमाडौंमा 'व्यवस्थापन गोष्ठी' आयोजना गऱ्यो। आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्ययोजना तथा बजेट तर्जुमा गर्ने सिलसिलामा विभागले उक्त गोष्ठी आयोजना गरको हो।

गभर्नर प्रा.डा. विश्वनाथ पौडेल, डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र तथा सञ्चालक समितिका सदस्यहरू चिन्तामणि शिवाकोटी, डा.शंकर प्रसाद आचार्य र डा.रवीन्द्र प्रसाद पाण्डेको उपस्थितिमा आयोजित उक्त गोष्ठीमा सबै विभाग/कार्यालय, महाशाखा, इकाई तथा प्रदेशस्थित कार्यालयका कार्यकारी निर्देशक, निर्देशक, कर्मचारी युनियनका प्रतिनिधिलगायतको सहभागिता रहेको थियो।

सो अवसरमा गभर्नर डा.पौडेलले कार्यस्थलको सुरक्षामा शून्य सहनशीलता रहेको उल्लेख गर्दै कार्यालयको कार्य वातावरण सुधारमा सबैको महत्वपूर्ण भूमिका रहने विचार व्यक्त गर्नु भयो। उहाँले खर्च व्यवस्थापन मितव्ययी हुनुपर्नेमा जोड दिँदै कार्ययोजनालाई सफल बनाउन सम्बद्ध विभाग/कार्यालयका प्रमुखहरूलाई अधिकतम प्रयत्न गर्न आग्रह गर्नुभयो।

गोष्ठीमा डेपुटी गभर्नरद्वय डा. तिम्सिना र मिश्रले क्रमशः पहिलो र दोस्रो दिनको व्यावसायिक सत्रको अध्यक्षता गर्नुभएको थियो। व्यावसायिक सत्रमा सबै विभागका कार्यकारी निर्देशक र विभिन्न महाशाखा/इकाइ/ प्रदेशस्थित कार्यालयका प्रमुखहरूले आर्थिक वर्ष २०८२/८३ को लागि प्रस्तावित वार्षिक कार्ययोजना प्रस्तुत गर्नुभएको थियो। सो अवसरमा संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका कार्यकारी निर्देशक ऋषिकेश भट्टले बैंकको आर्थिक वर्ष २०८२/८३ को प्रस्तावित वार्षिक कार्ययोजना तथा बजेटसम्बन्धी सङ्क्षिप्त विवरण प्रस्तुत गर्नुभएको थियो।

उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंक कर्मचारी सङ्घका अध्यक्ष रामहरि घिमिरे, नेपाल वित्तीय संस्था कर्मचारी सङ्घ, नेपाल राष्ट्र बैंकका अध्यक्ष हरिकृष्ण भट्टराई र नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन, नेपाल राष्ट्र बैंकका महासचिव गोपीकृष्ण अर्यालले २०८२/८३ को लागि प्रस्तावित वार्षिक कार्ययोजना तथा बजेटलाई प्रभावकारी बनाउने सम्बन्धमा सुझाव प्रस्तुत गर्दै समसामयिक विषयमा धारणा राख्नुभएको थियो।

कार्यक्रममा बैंकको कामकारबाहीमा देखिएका समस्या, बजेट तथा कार्ययोजना कार्यान्वयनका चुनौती तथा समाधानका उपायबारे सहभागीहरूबीच छलफल भएको थियो। सामूहिक छलफलमा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेल, लघुवित्त संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक बिमलराज खनाल, आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा.रामशरण खरेल, सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका निर्देशक राजनविक्रम थापा, धनगढी कार्यालयका निर्देशक केशव बहादुर केसी, सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखाका निर्देशक आर्या जोशी, भुक्तानी प्रणाली विभागका निर्देशक ई.कृष्णराम धुंजु र सूचना प्रविधि विभागका निर्देशकद्वय ई.तरुण कुमार झा र ई.सहदेब चन्दले आ-आफ्नो धारणा राख्नुभएको थियो।

गोष्ठीको समापन सत्रमा बरिष्ठ डेपुटी गभर्नर डा.तिम्सिनाले योजनाको तर्जुमा र कार्यान्वयनका क्रममा अन्तरविभागीय समन्वय हुनुपर्नेमा जोड दिनुहुँदै कार्ययोजना अनुरुप समयमा नै कार्य सम्पन्न गर्न निर्देशन दिनुभयो। डेपुटी गभर्नर मिश्रले औचित्य र आवश्यकताको आधारमा बजेट तथा कार्ययोजना तर्जुमा गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो। गोष्ठीमा बोल्दै बैंक सञ्चालक समितिका सदस्य चिन्तामणि शिवाकोटीले बजेट अनुमान यथार्थपरक हुनुपर्नेमा जोड दिनुहुँदै लागत अनुमान सहित बजेट माग गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

कार्यक्रममा संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका कार्यकारी निर्देशक ऋषिकेश भट्टले स्वागत मन्तव्य राख्नुभयो भने उप-निर्देशक खगेश्वर भण्डारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# अनुसन्धान अभियोजन र सुपरिवेक्षण सम्बन्धी अन्तरक्रिया सम्पन्न



कानुन महाशाखाले महान्यायाधिवक्ताको कार्यालय र नेपाल प्रहरीसँगको समन्वयमा असार २७ गते 'नेपाल राष्ट्र बैंक ऐन, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, बैंकिङ कसुर तथा सजाय ऐन लगायतका सम्बद्ध कानुनले निषेध गरेका कसुरजन्य कार्यको अनुसन्धान अभियोजन र सुपरिवेक्षण सम्बन्धी अनुभव र गर्नुपर्ने सुधार' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

सो अवसरमा महान्यायाधिवक्ता एवम् कार्यक्रमका प्रमुख अतिथि रमेश बडालले आफ्नो पहलमा चेक अनादरको मुद्दामा मिलापत्र गर्न दिने कानुनी व्यवस्था लागू भएको स्मरण गर्दै, यसले सकारात्मक परिणाम दिएको धारणा व्यक्त गर्नुभयो । साथै, बैकिङ्ग प्रणालीमा असर नगर्ने विषयमा मिलापत्र गर्न उपयुक्त हुने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा गभर्नर प्रा.डा. विश्वनाथ पौडेलले वित्तीय क्षेत्रप्रतिको विश्वास कायम गर्न अनुसन्धान, अभियोजन र नियामक निकायबीचको प्रभावकारी सहकार्य आवश्यक पर्ने धारणा व्यक्त गर्दै कानुनी प्रावधानहरूको बुझाईमा समेत एकरुपता हुनुपर्ने विचार व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक दीर्घ बहादुर रावलले 'नेपालको वित्तीय प्रणाली र कानुनी संरचना' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । त्यस क्रममा उहाँले नेपालको वित्तीय प्रणाली, कानुनी व्यवस्था, राष्ट्र बैंकबाट जारी हुने नीतिगत व्यवस्था र निर्देशन, यसको कार्यान्वयनमा देखिएका चुनौतीहरूबारे चर्चा गर्नुभएको थियो ।

प्रहरी वरिष्ठ उपरिक्षक होबिन्द्र वोगटीले 'बैंकिङ कसुरको अनुसन्धान' विषयक कार्यपत्र प्रस्तुत गर्दै नेपालमा बैंकिङ कसुरको इतिहास, बैंकिङ कसुर विरुद्धको कानुनको कार्यान्वयनमा देखिएका चुनौती र समाधानका उपायबारे जानकारी दिनुभयो । त्यस्तै महान्यायाधिवक्ताको कार्यालयका नायव महा-न्यायाधिवक्ता लोकराज पराजुलीले बैंकिङ कसुरको अभियोजनको क्रममा देखिएका चुनौतीउपर प्रकाश पार्नुभयो । कार्यपत्रउपर सहभागीहरूबीच बैंकिङ कानुन र यसका विविध पक्षबारे छलफल भएको थियो ।

कानुन महाशाखाका निर्देशक गिरीजा प्रसाद कोइरालाले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै सहभागीहरूलाई स्वागत गर्नु भएको थियो भने सहायक निर्देशक स्वेच्छा घिमिरेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतहरूसँगको अन्तरक्रिया सम्पन्न

## निष्क्रिय कर्जाको दबाबबीच पनि कृषि र साना उद्यमलाई उपेक्षा गर्न मिल्दैनः गभर्नर डा.पौडेल




बैंक तथा वित्तीय संस्था नियमन विभागले असार ३ गते काठमाडौंमा बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतहरूसँग बैंकिङ क्षेत्रको समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

सो अवसरमा गभर्नर प्रा.डा.विश्वनाथ पौडेलले सरोकारवालासँगको संवादबाट निर्माण गरिने नीतिले दीर्घकालीन स्थायित्व कायम गर्न सक्ने भन्दै सबै सरोकारवाला निकायबीच समन्वय र संवाद हुनुपर्नेमा जोड दिनुभयो । 'सरोकारवालासँगको संवाद र समन्वयबाट नै प्रभावकारी नीति निर्माण गर्न सकिन्छ'

उहाँले भन्नुभयो । साथै निष्क्रिय कर्जाको दबाबको अवस्थामा पनि रोजगारी तथा गरिबी निवारणमा योगदान पुर्‍याउन सक्ने कृषि तथा साना उद्यम जस्ता क्षेत्रलाई उपेक्षा गर्न नमिल्ने धारणा व्यक्त गर्नुभयो । कार्यक्रममा डेपुटी गभर्नर बमबहादुर मिश्रले नीति नियमहरू आवश्यकताका आधारमा परिवर्तन गर्न सकिने हुँदा यस सम्बन्धमा सरोकारवालाहरूको सुझाव तथा पृष्ठपोषणलाई सकारात्मक रूपमा लिइने धारणा व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले 'Performance of Banking Sector: Issues and Challenges' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्रउपर सहभागीहरूबीच छलफलका साथै बैंकिङ क्षेत्रका समसामयिक विषयमा अन्तरक्रिया भएको थियो । डेपुटी गभर्नर मिश्रले अन्तरक्रिया सत्रको सहजीकरण गर्दै छलफलमा उठेका जिज्ञासाको सम्बोधन गर्नुभएको थियो ।

कार्यक्रममा 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतसँगै राष्ट्र बैंकका कार्यकारी निर्देशकहरूको सहभागिता रहेको थियो । सो अवसरमा बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक गोबिन्दप्रसाद नागिलाले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभएको थियो भने सहायक निर्देशक पुर्णिमा खड्काले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# "बैंकिङ कानुनको अभ्यास र नीतिगत सुधार" विषयमा अन्तरक्रिया सम्पन्न



कानुन महाशाखाले असार २९ गते काठमाडौंमा 'बैंकिङ कानुनको अभ्यास र नीतिगत सुधार' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो । नेपाल कानुन व्यवसायी परिषद् र सर्वोच्च अदालत बार एसोसिएसनसँगको समन्वयमा महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो ।

सो अवसरमा महान्यायाधिवक्ता एवम् कार्यक्रमका प्रमुख अतिथि रमेश बडालले बैकिङ क्षेत्रको स्थायित्व र बैकिङ प्रणालीमा आमजनताको विश्वास कायम गराउन नै राष्ट्र बैंकलाई व्यवस्थापकिय, कार्यकारिणी र न्यायीक अधिकार भएको बताउनु भयो । उहाँले विद्यमान कानुनका अस्पष्ट व्यवस्थाहरूमा आवश्यक संशोधन गरी बैकिङ सेवालाई सरल सहज र पहुँचयोग्य बनाउन आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा गभर्नर प्रा.डा. विश्वनाथ पौडेलले आधुनिक प्रविधिको तीव्र विकाससँगै बैंकिङ क्षेत्रमा व्यापक रूपान्तरण भइरहेको हुँदा परिवर्तनलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न विद्यमान कानुनलाई पनि समयसापेक्ष बनाउँदै लैजानुपर्ने आवश्यकतामा जोड दिनुभयो । उहाँले डिजिटल भुक्तानी, मोबाइल बैंकिङ, फिनटेक सेवाहरूको विस्तार भए अनुरुप कानुनी संरचनाहरूमा समेत सुधारको आवश्यकता रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले 'बैंकिङ कानुन र नीतिगत सुधार' र अधिवक्ता डा. अवतार न्यौपानेले 'नेपालमा बैंकिङ कानुनको अभ्यास र नीतिगत सुधारको आवश्यकता' विषयमा छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा सहभागीहरूबीच बैंकिङ कानुनको कार्यान्वयनमा देखिएका विभिन्न समस्या र चुनौतीबारे छलफल भएको थियो । कार्यकारी निर्देशक रेवती प्रसाद नेपालले अन्तरक्रिया सत्रको सहजीकरण गर्दै छलफलमा उठेका जिज्ञासाको सम्बोधन गर्नुभएको थियो ।

सो अवसरमा नेपाल बार एसोसिएसनका अध्यक्ष वरिष्ठ अधिवक्ता प्रा.डा. विजय प्रसाद मिश्र, सर्वोच्च अदालत बार एसोसिएसनका कार्यवाहक अध्यक्ष अधिवक्ता अम्बर बहादुर राउत लगायतका पदाधिकारीले बैंकिङ कानुन र यसका विविध पक्षबारे आ-आफ्नो धारणा राख्नुभएको थियो ।

कानुन महाशाखाका निर्देशक गिरीजा प्रसाद कोइरालाले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै सहभागीहरूलाई स्वागत गर्नु भएको थियो भने सहायक निर्देशक सगिना खनालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# मौद्रिक नीति तर्जुमाको सन्दर्भमा सरोकारवालासँग अन्तरक्रिया




आर्थिक अनुसन्धान विभागले आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति तर्जुमा गर्ने सन्दर्भमा राय/सुझाव सङ्कलन गर्ने उद्देश्यले असार २० गते काठमाडौंमा एकदिने अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो । कार्यक्रम गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको उपस्थितिमा सम्पन्न भएको थियो ।

कार्यक्रममा गभर्नर डा.पौडेलले अर्थतन्त्रको दिगो विकासका लागि सबै सरोकारवाला निकायको साझा प्रयास आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो । उहाँले अर्थतन्त्र सुधारोन्मुख अवस्थामा रहेको उल्लेख गर्दै सरोकारवालाबाट प्राप्त सान्दर्भिक सुझावहरूलाई मौद्रिक नीतिमा समेटिने बताउनुभयो ।

कार्यक्रममा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र, बैंकका विभिन्न विभागका कार्यकारी निर्देशक, बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत, अर्थ मन्त्रालय, नेपाल धितोपत्र बोर्ड, उद्योग वाणिज्य संघ/संगठन, ऊर्जा उत्पादक संघ, निर्माण, पर्यटन, जग्गा व्यवसाय, गैर-बैंकिङ वित्तीय संस्थाका प्रतिनिधि, विश्वविद्यालयका प्राध्यापक लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रममा सहभागी व्यवसायी तथा उद्योगीहरूबाट आर्थिक शिथिलतालाई दृष्टिगत गर्दै ऋणीलाई कालो सूचीमा राख्ने अवधि परिमार्जन गर्नुपर्ने, कर्जा पुनर्संरचना तथा पुनर्तालिकीकरणको व्यवस्था गर्नुपर्ने, पुनरकर्जा तथा सहुलियतपूर्ण कर्जालाई निरन्तरता दिनुपर्ने लगायतका सुझावहरू प्रस्तुत भएको थियो ।

कार्यक्रममा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. रामशरण खरेलले अर्थतन्त्रको वर्तमान आर्थिक तथा वित्तीय अवस्थाका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा विभागका निर्देशक सत्येन्द्रराज सुवेदीले अन्तरक्रिया कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै स्वागत गर्नु भएको थियो भने सहायक निर्देशक आदित्य पोखरेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# गभर्नर डा. पौडेल जनकपुरमा




नेपाल राष्ट्र बैंकका गभर्नर प्रा.डा.विश्वनाथ पौडेलको उपस्थिति तथा नेपाल उद्योग वाणिज्य महासंघ र बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूको सहभागितामा असार २ गते जनकपुर कार्यालयको सभाहलमा समसामयिक आर्थिक तथा बैकिङ विषयमा छलफल कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा गभर्नर डा. पौडेलले मधेश प्रदेशमा कृषि र धार्मिक पर्यटनको प्रचुर सम्भावना रहेकोले सो क्षेत्रमा लगानी बढाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो । साथै, गभर्नर डा.पौडेलले मधेश प्रदेशमा सुनकोशी-मरिन डाइभर्सन, निजगढ अन्तराष्ट्रिय विमानस्थल, काठमाडौ तराई मधेश द्रुतमार्ग जस्ता राष्ट्रिय गौरवका आयोजनाको निर्माणले प्रदेशको आर्थिक गतिविधि बढ्ने विश्वास समेत व्यक्त गर्नुभयो ।

छलफलको क्रममा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिले बैकिङ क्षेत्रमा कर्जा असुलीमा समस्या, कर्जाको न्यून माग, निष्क्रिय कर्जामा बृद्धि लगायतका विषय उठाएका थिए । त्यस्तै, उद्योगी व्यवसायीहरूले कतिपय अवस्थामा बैंकले व्यवसाय नभई व्यक्ति हेरेर कर्जा प्रवाह गर्ने गरेको, ग्रामीण क्षेत्रमा न्यून लगानी, चालुपुँजी कर्जाले सृजना गरेको समस्या जस्ता विषयहरू उठाएका थिए । सो क्रममा आयातमुखी अर्थतन्त्र रहेकोले आयात नीति सहज बनाउनुपर्ने सुझाव समेत दिएका थिए ।

कार्यक्रमको संयोजन गर्नुहुँदै बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरु प्रसाद पौडेल र बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक दीर्घ बहादुर रावलले सहभागीले उठाएका जिज्ञासाको जवाफ समेत दिनुभएको थियो ।

उक्त कार्यक्रममा मधेश प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, उद्योग वाणिज्य महासंघका प्रदेश तथा जिल्ला समितिका प्रतिनिधि तथा सञ्चारकर्मी लगायतको उपस्थिति रहेको थियो ।

जनकपुर कार्यालयका निर्देशक डिलाराम सुवेदीले कार्यक्रमको उद्देश्य बारेमा प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने कार्यक्रमको सञ्चालन उप-निर्देशक सृजना बज्राचार्यले गर्नुभएको थियो । ■

# पूर्व गभर्नरहरूसँग छलफल कार्यक्रम

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति तर्जुमाको सिलसिलामा बैंकका पूर्व गभर्नरहरूसँग असार २५ गते काठमाडौंमा छलफल कार्यक्रम आयोजना गऱ्यो ।

छलफल कार्यक्रममा नेपाल राष्ट्र बैंकका पूर्व गभर्नरहरू डा.भेषबहादुर थापा, गणेशबहादुर थापा, डा. तिलक बहादुर रावल, दीपेन्द्रपुरुष ढकाल, डा. चिरंजीबि नेपाल र महाप्रसाद अधिकारीको उपस्थिति रहेको थियो । कार्यक्रममा गभर्नर प्रा.डा. विश्वनाथ पौडेलले न्यून मुद्रास्फीति, न्यून व्याजदर, अधिक तरलता, पर्याप्त विदेशी विनिमय सञ्चिति तथा बढ्दो खराव कर्जाका कारण वित्तीय क्षेत्रमा देखिएको दवावको पृष्ठभूमिमा बैंकले आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति तर्जुमा गर्न गइरहेको सन्दर्भमा छलफलबाट प्राप्त सुझावहरू आर्थिक क्षेत्रको पुनरुत्थान तथा वित्तीय क्षेत्रको सवलीकरण एवम् सुदृढिकरणका लागि अत्यन्त महत्वपूर्ण र मार्गदर्शक हुने धारणा व्यक्त गर्नुभयो ।

छलफलका क्रममा पूर्व गभर्नरहरूले मौद्रिक नीतिले मौद्रिक व्यवस्थापन तथा वित्तीय प्रणाली सुदृढ बनाउन नीतिगत सुधार, प्रविधिमैत्री संरचना र अनुगमन प्रणालीको सुदृढीकरणमा जोड दिनुभएको थियो । उहाँहरूले मौद्रिक नीति पूर्वानुमानयोग्य हुनुपर्ने र मौद्रिक नीतिले समष्टिगत आर्थिक स्थायित्व सुनिश्चितता गर्नुपर्ने धारणा राख्नुभयो । साथै, उहाँहरूले मौद्रिक नीति र सरकारको वित्त नीति बीचको समन्वयात्मक भूमिकामा जोड दिदैं उद्योगी तथा व्यवसायीको मनोवल बढाउन सहयोग गर्ने गरी मौद्रिक नीति ल्याउनुपर्ने धारणा राख्नु भयो । साथै, उहाँहरूले बैंक तथा वित्तीय संस्थाको सुपरिवेक्षणको दायरा विस्तार गर्नुपर्ने, जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्ने तथा बैंकिङ्ग क्षेत्रमा देखिएको खराव कर्जाको बढ्दो अवस्थालाई सम्बोधन गर्न सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्न सकिने सुझाव समेत दिनुभयो ।



छलफलमा पूर्व गभर्नरहरूले नेपाललाई Financial Action Task Force को Grey List बाट हटाउन संरचनात्मक सुधार, पारदर्शिता र अनुगमन प्रणाली सुधारका लागि उपयुक्त कदम चाल्न आवश्यक रहेको औंल्याउदै नेपाल राष्ट्र बैंक सुधारमुखी, प्रविधिमैत्री र उत्तरदायी नियामक निकायको रूपमा रहनुपर्ने धारणा समेत राख्नुभयो ।

कार्यक्रममा गभर्नर डा. पौडेलले आगामी मौद्रिक नीतिमा प्राप्त सूझावहरू यथासम्भव समेटिने धारणा राख्दै सार्थक सहयोगप्रति धन्यवाद व्यक्त गर्नुभएको थियो । डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बम बहादुर मिश्रको उपस्थिति रहेको उक्त कार्यक्रममा अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. रामशरण खरेलले मुलुकको वर्तमान आर्थिक तथा वित्तीय स्थितिसम्बन्धी सङ्क्षिप्त विवरण प्रस्तुत गर्नुभएको थियो । ■

# 'नेपाल राष्ट्र बैंकको कार्यसम्पादनमा प्रयोग हुने कानुन' विषयक अन्तरक्रिया सम्पन्न

कानुन महाशाखाद्वारा आयोजित 'नेपाल राष्ट्र बैंकको कार्यसम्पादनमा प्रयोग हुने कानुन' विषयक अन्तरक्रिया कार्यक्रम असार ५ गते काठमाडौंमा सम्पन्न भयो । गभर्नर प्रा.डा. विश्वनाथ पौडेल तथा डेपुटी गभर्नर बमबहादुर मिश्रको उपस्थितिमा उक्त कार्यक्रम आयोजना गरिएको थियो ।

कार्यक्रममा गभर्नर डा. पौडेलले बैंकको पारदर्शिता र सुशासन प्रवर्द्धनका लागि बैंकिङ तथा वित्तीय सेवासँग सम्बन्धित कानुन तथा नीतिनियमका अस्पष्ट व्यवस्थाहरूलाई परिमार्जन गर्दै लैजानुपर्ने आवश्यकता रहेको धारणा व्यक्त गर्नुभयो ।

सो अवसरमा महाशाखाका उप-निर्देशक सुमन आचार्यले 'नेपाल राष्ट्र बैंकबाट गरिने नियमन र नियामकीय कारवाही सम्बन्धी व्यवस्था तथा कार्यान्वयनमा देखापरेका समस्या' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्रउपर सहभागीहरूबीच छलफल पश्चात डेपुटी गभर्नर बमबहादुर मिश्रले कार्यक्रमको सहजीकरण गर्दै सहभागीहरूले राखेका जिज्ञासाहरूको जवाफ दिनुभएको थियो ।



कार्यक्रमको समापन गर्दै महाशाखाका निर्देशक गिरिजा प्रसाद कोइरालाले धन्यबाद ज्ञापन गर्नु भएको थियो । कार्यक्रममा उपत्यकास्थित विभाग/कार्यालयका कार्यकारी निर्देशक र निर्देशकहरूका साथै प्रदेशस्थित कार्यालयका प्रमुखहरूको समेत सहभागिता रहेको थियो ।

कार्यक्रममा उप निर्देशक पदमराज रेग्मीले स्वागत मन्तव्य राख्दै अन्तरक्रिया कार्यक्रमको औचित्यबारे प्रकाश पार्नुभएको थियो भने सहायक निर्देशक स्वेच्छा घिमिरेले कार्यक्रम सञ्चालन गर्नु भएको थियो । ■

# मौद्रिक व्यवस्थापनसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

मौद्रिक व्यवस्थापन विभागद्वारा आयोजित 'मौद्रिक व्यवस्थापन सम्बन्धी विद्यमान ऐन, नियम र निर्देशन' विषयक अन्तरक्रिया कार्यक्रम असार ९ गते काठमाडौंमा सम्पन्न भयो । कार्यक्रममा गभर्नर प्रा.डा. विश्वनाथ पौडेल तथा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्रको उपस्थिति रहेको थियो ।

कार्यक्रममा गभर्नर डा. पौडेलले खुला बजार कारोबारमा भएको प्रविधिमैत्री प्रणालीमा थप सुधार आवश्यक रहेको उल्लेख गर्दै ब्याजदर करिडोरमा अन्तर्राष्ट्रिय असल अभ्यासहरूको अनुसरण गरी ब्याजदरमा स्थिरता कायम गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । साथै, उहाँले खुला बजार कारोवार स्थिरीकरण कोषको स्थापना भएबाट खुला बजार कारोवारको वित्तीय लागत व्यवस्थापनमा सघाउ पुगेको बताउदै उक्त कोषको सुदृढिकरण आवश्यक रहेको बिचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा निर्देशक निभा श्रेष्ठले मौद्रिक व्यवस्थापन सम्बन्धी नीति नियम र अन्तर-विभागीय समन्वय विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । प्रस्तुत कार्यपत्रका सम्बन्धमा




सहभागीहरूबीच छलफल भएको थियो ।

डेपुटी गभर्नरद्वय डा. तिम्सिना र मिश्रले कार्यक्रमको सहजीकरण गर्दै सहभागीले उठाएका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

विभागका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीले कार्यक्रमको समापन गर्दै धन्यबाद ज्ञापन गर्नुभएको थियो ।

उक्त कार्यक्रममा आर्थिक अनुसन्धान विभाग, भुक्तानी प्रणाली विभाग, विदेशी विनिमय व्यवस्थापन विभाग तथा बैंकिङ विभागका निर्देशक, उप-निर्देशक तथा सहायक निर्देशकहरूको सहभागिता रहेको थियो । कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै निर्देशक निभा श्रेष्ठले स्वागत मन्तव्य राख्नुभएको थियो भने कार्यक्रम सञ्चालन सहायक निर्देशक रोजिना सिवाकोटीले गर्नुभएको थियो । ■

# 'विद्युतीय भुक्तानी प्रणालीमार्फत भएका आपराधिक क्रियाकलाप र जोखिम' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न

भुक्तानी प्रणाली विभागद्वारा आयोजित 'विद्युतीय भुक्तानी प्रणालीमार्फत भएका आपराधिक क्रियाकलाप र जोखिम' विषयक अन्तरक्रिया कार्यक्रम असार ८ गते काठमाडौंमा सम्पन्न भयो। कार्यक्रम गभर्नर प्रा.डा. विश्वनाथ पौडेल तथा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्रको उपस्थितिमा भएको थियो ।

सो अवसरमा गभर्नर डा. पौडेलले बैंक खाताहरू अनुगमन गर्न केन्द्रीय प्रणालीको आवश्यकतामा जोड दिनुहुँदै वित्तीय प्रणालीका सरोकारवालाहरूबीच बलियो समन्वय स्थापित गरिएमा वित्तीय अपराध न्यूनीकरणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। यसका साथै उहाँले साइबर सुरक्षाका लागि तयार गरिएको Cyber Resilience Guidelines कडाइका साथ कार्यान्वयन गर्न निर्देशनसमेत दिनुभयो ।

कार्यक्रममा निर्देशक शुभाषचन्द्र घिमिरेले 'Financial Crime Regulatory Perspectives' विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।



यस्तै, काठमाडौं उपत्यका अपराध अनुसन्धान महाशाखा, टेकुका प्रहरी निरीक्षक नेत्रप्रसाद भट्टले 'Typologies of Financial Crime Investigation and Emerging Trends' माछापुच्छ्रे बैंकका प्रमुख जोखिम अधिकृत माधव सुवेदीले 'Financial Fraud: Typology and Preventive Measures' तथा ई-सेवाका प्रमुख कार्यकारी अधिकृत जगदिश खड्काले 'Digital Payments and Fraud: Typologies and Preventive Measures' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । प्रस्तुत कार्यपत्रहरूमा सहभागीद्वारा छलफल गरी विभिन्न सुझावहरू प्रस्तुत भएको थियो ।

उक्त कार्यक्रममा डेपुटी गभर्नर मिश्रले कार्यक्रमको सहजीकरण गर्नुहुँदै सहभागीहरूले उठाएका जिज्ञासाहरूको जवाफ दिनुहुँदै सम्पूर्ण वक्ता, सहभागी र आयोजकलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

उक्त कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, भुक्तानी सेवा प्रदायकका प्रमुख कार्यकारी अधिकृत, नेपाल प्रहरीका प्रतिनिधिलगायत बैंकका विभिन्न विभागका अधिकृत तथा कर्मचारीहरूको सहभागिता रहेको थियो ।

विभागका कार्यकारी निर्देशक किरण पण्डितले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुहुँदै स्वागत मन्तव्य राख्नुभएको थियो भने कार्यक्रम सञ्चालन उप-निर्देशक पदमराज जोशीले गर्नुभएको थियो । ■

# विराटनगरमा लेखा निर्देशिका सम्बन्धी अनुशिक्षण सम्पन्न




वित्त व्यवस्थापन विभागद्वारा आयोजित 'नेपाल राष्ट्र बैंक लेखा निर्देशिका, २०८०' विषयक एक दिने अनुशिक्षण कार्यक्रम असार १३ गते विराटनगरमा सम्पन्न भयो ।

उक्त कार्यक्रममा का.मु कार्यकारी निर्देशक राजनदेव भट्टराईले बैंकको लेखा निर्देशिकाको कार्यान्वयनका साथै आवश्यक संशोधनका लागि पृष्ठपोषण तथा सुझाव सङ्कलन गर्न विभागले यस्तो अनुशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएको बताउनु भयो । उहाँले बैंकको आर्थिक कारोबारहरूको वार्षिक लेखापरीक्षण कार्यका सम्बन्धमा ऐनको व्यवस्था पालना गर्नु आवश्यक रहेको चर्चा गर्दै बैंकको आर्थिक वर्ष २०८१/८२ को वार्षिक हिसाबको लेखापरीक्षण समयमै सम्पन्न गर्न सबै विभाग तथा कार्यालयले प्रभावकारी भूमिका खेल्नु पर्नेमा जोड दिनु भयो ।

कार्यक्रममा विराटनगर कार्यालयका निर्देशक शैलेन्द्र रेग्मीले बैंकका आर्थिक कारोबारहरूको लेखा स्पष्ट, व्यवस्थित र एकरुप बनाउन बैंकको लेखा निर्देशिका तर्जुमा भई कार्यान्वयनमा आएको स्मरण गर्दै यसको प्रभावकारी कार्यान्वयनबाट बैंकको आन्तरिक र बाह्य लेखापरीक्षण कार्यलाई सघाउ पुग्ने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रमको व्यावसायिक सत्रमा दुई वटा वार्ता प्रस्तुत गरिएको थियो । नेपाल राष्ट्र बैंक लेखा निर्देशिका, २०८० को भाग ३ र ४ मा समाविष्ट प्रमुख व्यवस्थाहरूको बारेमा विभागका सहायक निर्देशक तृष्णा अधिकारीले र भाग १ र २ मा समाविष्ट व्यवस्थाहरूका बारेमा विभागका सहायक निर्देशक रन्जन तचामोले वार्ता प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा विभागका का.मु. कार्यकारी निर्देशक भट्टराईको अध्यक्षतामा छलफल तथा समापन सत्र सञ्चालन गरिएको थियो ।

कार्यक्रममा वित्त व्यवस्थापन विभागका उप-निर्देशक रामकाजी खाइजूले स्वागत मन्तव्य राख्नु भएको थियो ।

उक्त अनुशिक्षण कार्यक्रममा वित्त व्यवस्थापन विभागसहित सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, आन्तरिक लेखापरीक्षण विभाग, विदेशी विनिमय व्यवस्थापन विभाग, मुद्रा व्यवस्थापन विभाग, बैंकिङ विभाग, संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग, मौद्रिक व्यवस्थापन विभाग, वित्तीय जानकारी इकाई, साथै नेपाल राष्ट्र बैंक विराटनगर र जनकपुर कार्यालयबाट अधिकृत तथा कर्मचारी गरी जम्मा २७ जनाको सहभागिता रहेको थियो । ■

# सुपरिवेक्षकीय सूचना प्रणाली सम्बन्धी अन्तरक्रिया सम्पन्न



बैंक सुपरिवेक्षण विभागद्वारा आयोजित 'सुपरिवेक्षकीय सूचना प्रणाली (Supervisory Information System - SIS)' सम्बन्धी अन्तरक्रिया कार्यक्रम असार १८ गते काठमाडौंमा सम्पन्न भयो । बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक दीर्घ बहादुर रावलको उपस्थितिमा उक्त कार्यक्रम आयोजना भएको थियो ।

सो अवसरमा कार्यकारी निर्देशक रावलले बैंक तथा वित्तीय संस्थाहरूबाट सही र यथार्थपरक विवरण प्राप्त भएमा मात्र उपयुक्त नीतिगत व्यवस्था तर्जुमा गर्न सहज हुने धारणा राख्नुभएको थियो । कार्यक्रममा बोल्दै वित्तीय संस्था सुपरिवेक्षण विभागका निर्देशक अनुज दाहालले हाल बैंकमा दुइवटा रिपोर्टिङ प्रणालीबाट प्राप्त तथ्याङ्कमा भिन्नता भएको हुँदा SIS मा स्विच गर्न अझै केही समय लाग्नसक्ने जानकारी गराउनु भएको थियो । बैंक सुपरिवेक्षण विभागका निर्देशक ईश्वरी प्रसाद भट्टराईले सकेसम्म चाँडै दोहोरो रिपोर्टिङ बन्द गरी SIS बाट मात्र तथ्याङ्क प्राप्त गर्नुपर्ने धारणा व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा विभागका उप-निर्देशक डिल्लीराम पोखेल र सहायक निर्देशकद्वय विवेक दाहाल र प्रदिप नारायण सिंहले SIS प्रणालीमा तथ्याङ्क रिपोर्टिङका क्रममा देखिएका प्रमुख समस्याहरू र त्यसको समाधानका उपायहरू सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभयो ।

निर्देशक मीना पाण्डेले अन्तरक्रिया सत्रको सहजीकरण गर्दै बैंकको सुपरिवेक्षकीय क्षमता अभिबृद्धि गर्न SIS रणनीतिक उपकरणको रुपमा रहेको बताउनु भयो ।

कार्यक्रममा विभिन्न विभागका अधिकृत तथा कर्मचारीहरू र बैंक तथा वित्तीय संस्थाका रिपोर्टिङ अधिकृतहरू गरी जम्मा ९४ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा विभागका निर्देशक सुबास आचार्यले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभएको थियो भने कार्यक्रमको सञ्चालन सहायक निर्देशक आयुष मानन्धरले गर्नुभएको थियो । ■

# विभिन्न विभाग तथा कार्यालयद्वारा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

## गभर्नरको कार्यालय

गभर्नरको कार्यालयद्वारा फरक-फरक विषयमा आयोजित ज्ञान आदानप्रदान कार्यक्रम असार १ र १६ गते भर्चुअल माध्यमबाट तथा असार २५ गते सहभागीहरूको भौतिक उपस्थितिमा सम्पन्न भयो ।

असार १ गते सम्पन्न भर्चुअल कार्यक्रममा बैंकिङ विभागका उप-निर्देशक टिकाराम तिमिल्सिनाले 'Financial Stress: Causes and Consequences' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले वित्तीय संकटका प्रमुख सिद्धान्त, बैंक रन, Currency Crisis, वित्तीय संकटको कारण तथा असर, नेपाली बैंकहरूमा बढ्दो निष्क्रिय कर्जा, लिभरेज र वित्तीय संकट बीचको सम्बन्ध लगायतका विषयमा चर्चा गर्नुभएको थियो ।

कार्यक्रममा उपत्यकास्थित विभिन्न विभाग/कार्यालय र प्रदेशस्थित कार्यालयका २५० भन्दा बढी कर्मचारीको सहभागिता रहेको थियो ।

यसैगरी, असार १६ गते सम्पन्न ज्ञान आदानप्रदान कार्यक्रम अन्तर्गत 'सूचनाको हक र नेपाल राष्ट्र बैंक' विषयमा राष्ट्रिय सूचना आयोगका आयुक्त दुर्गा भण्डारी पौडेलले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

त्यस क्रममा उहाँले सूचनाको हकसँग सम्बन्धित कानुन, सूचना माग गर्ने प्रक्रिया, सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन, स्वतः प्रकाशनको व्यवस्था, सार्वजनिक निकायको दायित्व, सूचनाको हकसम्बन्धी नजीर, अयोगले गर्ने सजाय, सूचनाको हक कार्यान्वयनको चुनौतीलगायतका विषयमा चर्चा गर्नुभएको थियो । कार्यपत्र प्रस्तुती पश्चात् सूचनाको हकका व्यवहारिक पक्षमा केन्द्रीत रहेर अन्तरक्रिया समेत सम्पन्न भएको थियो ।

कार्यक्रममा कार्यकारी निर्देशक, निर्देशक,



डा.पारस खरेल

प्रदेशस्थित कार्यालयका सूचना अधिकारी, विभागका सम्पर्क अधिकारीलगायत विभिन्न विभागबाट २५० भन्दा बढी कर्मचारीको सहभागिता रहेको थियो ।

यसै क्रममा गभर्नरको कार्यालयले असार २५ गते 'अन्तर्राष्ट्रिय व्यापारको वर्तमान सन्दर्भ र नेपाल' विषयमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गऱ्यो । उपत्यकास्थित विभिन्न विभाग, महाशाखा तथा इकाईका ५० जना कर्मचारीहरू सहभागी रहेको उक्त कार्यक्रममा South Asia Watch on Trade, Economics and Environment (SAWTEE) का कार्यकारी निर्देशक डा.पारस खरेलले वार्ता प्रस्तुत गर्नुभएको थियो । त्यस क्रममा उहाँले भु-राजनीतिक तनाव र व्यापार युद्धको असर, अमेरिकी Reciprocal Tariffs नीति र यसको व्यापारिक असर, नेपाल- अमेरिका व्यापार सम्बन्ध, व्यापार घाटा र निर्यातको सम्भावना, सेवा व्यापार र डिजिटल व्यापारमा नेपालका अवसरहरू, वस्तु तथा सेवा निर्यातका चुनौती र रणनीति लगायतका विषयमा चर्चा गर्नुभएको थियो । कार्यपत्र प्रस्तुती पश्चात् अन्तर्राष्ट्रिय व्यापारका विविध पक्षमा केन्द्रीत रहेर अन्तरक्रिया समेत भएको थियो ।

कार्यक्रममा गभर्नरको कार्यालयका उप-निर्देशक सुशिल ज्ञवालीले धन्यवाद ज्ञापनसहितको समापन मन्तव्य राख्नुभयो भने सहायक-निर्देशक सविन ओलीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभएको थियो । कार्यक्रम सञ्चालन सहायक निर्देशक सविना बखाद्योले गर्नुभएको थियो ।

## वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखा

वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले असार ५ गते 'Financial Literacy : Central Banks' Practices' विषयमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गऱ्यो ।

कार्यक्रममा सहायक निर्देशक मेरिना नेपालीले Financial Literacy को अवधारणा, वित्तीय साक्षरता सम्बन्धी नेपाल राष्ट्र बैंकको पहलहरू, भारत, पाकिस्तान, श्रीलङ्का, फिलिपिन्स आदि देशहरूमा विद्यमान financial literacy का अभ्यासहरू, तथा विकासशील र विकसित देशहरूमा वित्तीय साक्षरताको अवस्था सम्बन्धी विषयहरू समेटी आफ्नो कार्यपत्र प्रस्तुत गर्नु भयो ।

उक्त कार्यक्रममा भारतमा रहेको Financial Literacy Centers, National Center for Financial Education र Center for Financial literacy सम्बन्धी अभ्यास, भारत र पाकिस्तानमा रहेको Financial literacy week वार्षिक रुपमा सञ्चालन गर्ने व्यवस्था, फिलिपिन्समा रहेको Financial Education Parternership Programs र पाकिस्तानको National Financial Literacy Program को बारेमा समेत छलफल भएको थियो ।



वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखा



विराटनगर कार्यालय


भुक्तानी प्रणाली विभाग

## विराटनगर कार्यालय

विराटनगर कार्यालयले असार ११ गते ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गऱ्यो। कार्यालयको सभाहलमा आयोजित कार्यक्रममा मानव संसाधन व्यवस्थापन विभागका कार्यकारी निर्देशक विश्रुत थापाले "कर्मचारीको आचार संहिता" विषयमा वार्ता प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा वार्ता प्रस्तुत गर्नुहुदै कार्यकारी निर्देशक थापाले नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली २०६८ (तेस्रो संसोधन) को विनियम १२६ देखि १३९ मा भएका कर्मचारीको आचारसंहिता सम्बन्धी व्यवस्थाको बारेमा जानकारी दिनुभयो। नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावलीमा भएको समयपालन र नियमितता, इमानदारीता, अनुशासन र आज्ञापालन अन्तर्गत रहेका व्यवस्थाहरूको पूर्णरुपमा परिपालना गर्नुपर्ने कुरामा जोड दिनुहुँदै नेपाल राष्ट्र बैंक, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारलाई निवारण गर्ने सम्बन्धी कर्मचारी आचारसंहिता, २०७८ मा भएका मुख्य व्यवस्थाहरू अन्तर्गत कार्यस्थल, कर्मचारी, सेवाग्राही तथा अन्य व्यक्तिहरूले अनुसरण गर्नुपर्ने व्यवस्थाहरूबारे थप स्पष्ट पार्दै विनियम १४४ देखि १६३ सम्म भएका विभागीय कारबाही सम्बन्धी व्यवस्थाहरूको बारेमा पनि विस्तृत रुपमा व्याख्या गर्नुभएको थियो।

कार्यक्रममा विराटनगर कार्यालयका निर्देशक शैलेन्द्र रेग्मीले कर्मचारीहरूले आफ्नो पदीय मर्यादामा रहेर कर्मचारी सेवा विनियमावलीमा भएका आचरण सम्बन्धी व्यवस्थाहरूको अक्षरशः परिपालना गर्नाले कार्य वातावरणमा सुधार हुनुका साथै संस्थाको गरिमा वृद्धि गर्न सघाउ पुर्याउने विचार व्यक्त गर्नुभयो।

उक्त कार्यक्रमको सञ्चालन प्रधान सहायक अशोक रेग्मीले गर्नुभएको थियो।

## भुक्तानी प्रणाली विभाग

भुक्तानी प्रणाली विभागले असार २३ गते ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गऱ्यो। सो कार्यक्रममा विभागका सहायक (सू.प्र) आयुषा विष्टले 'Distributed Ledger Technology (DLT)' विषयमा वार्ता प्रस्तुत गर्नु भएको थियो। सो क्रममा DLT को विशेषता, प्रयोग तथा CBDC मा यसको महत्व लगायतका विषयमा छलफल भएको थियो।

उक्त कार्यक्रममा विभागका कार्यकारी निर्देशक किरण पण्डितले आधुनिक प्रविधिको प्रयोगले वित्तीय सेवालाई थप सुरक्षित बनाएको उल्लेख गर्दै DLT को महत्व बारेमा सम्पूर्ण कर्मचारीले जानकारी प्राप्त गर्ने अवसर पाएको विचार व्यक्त गर्नुभयो। कार्यक्रमको सञ्चालन सहायक निर्देशक शोभा सिलवालले गर्नुभएको थियो।

## वित्त व्यवस्थापन विभाग

वित्त व्यवस्थापन विभागले हिसाब खाताहरूको हिसाब मिलान (रिकन्सिलिएसन) विषयमा असार २४ गते ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गऱ्यो।

उक्त कार्यक्रम विभागका कायम मुकायम कार्यकारी निर्देशक राजन देव भट्टराईको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा मन्तव्य व्यक्त गर्दै उहाँले नेपाल राष्ट्र बैंकको आ.व.२०८१/८२ को बाह्य लेखापरीक्षणलाई सहयोग पुग्ने गरी बजेटकेन्द्र रहेका कार्यालयहरूले आफ्नो हिसाब खाताहरूको हिसाब मिलान समयमै गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो। साथै, उहाँले वित्त व्यवस्थापन विभागको कार्य चुस्तदुरुस्त हुँदै गएको भन्दै आ.व.२०८१/८२ को कारोबारको लेखाङ्कन पेन्डिङ्ग नराखी EOY गर्नु नपर्ने गरी सम्पादन गर्न आग्रह गर्नु भयो।

कार्यक्रममा विभागका सहायक निर्देशक तृष्णा अधिकारीले हिसाब खाताहरूको हिसाब मिलान विषयमा वार्ता प्रस्तुत गर्नुभयो। सो अवसरमा उहाँले जम्मा भएर भुक्तानी तथा राफसाफ हुने हिसाब खाताहरूको रिकन्सिलिएसन गर्नु आवश्यक हुने उल्लेख गर्दै पाउनुपर्ने तथा दिनुपर्ने हिसाब खाताका साथै अन्तर कार्यालय हिसाब खाताहरूको रिकन्सिलिएसन समयमै गर्नुपर्ने बुँदा बैंकको लेखा निर्देशिकामा रहेको बताउनु भयो।

विभागका अधिकृत तथा कर्मचारीहरूको उपस्थिति रहेको उक्त कार्यक्रमको सञ्चालन उप-निर्देशक रामकाजी खाइजूले गर्नु भएको थियो। ■


वित्त व्यवस्थापन विभाग

# प्रदेशस्थित कार्यालयमा समसामयिक विषयमा सरोकारवालासँग अन्तरक्रिया सम्पन्न



विराटनगर कार्यालय

## विराटनगर कार्यालय

विराटनगर कार्यालयले असार ४ गते कार्यालयको सभाहलमा आ.व. २०८२/८३ को मौद्रिक नीतिका लागि सुझाव संकलन र वित्तीय ग्राहक संरक्षण सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गर्‍यो ।

विराटनगर कार्यालयका निर्देशक शैलेन्द्र रेग्मीको अध्यक्षतामा सञ्चालित उक्त कार्यक्रममा कोशी प्रदेशस्थित वाणिज्य बैंकका प्रमुख, कोशी प्रदेशमा केन्द्रीय कार्यालय रहेका विकास बैंकका कार्यकारी अधिकृत, मोरङ जिल्ला अदालतका प्रतिनिधि र नेपाल राष्ट्र बैंक विराटनगर कार्यालयका अधिकृत तथा कर्मचारीसहित ५० जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा निर्देशक रेग्मीले देशको वित्तीय तथा आर्थिक तथ्याङ्क सहितको वार्ता प्रस्तुत गर्नुभएको थियो । सो क्रममा उहाँले आ.व. २०८२/८३ को मौद्रिक नीतिका लागि सुझाव पेस गर्न सहभागीहरूलाई अनुरोध गर्नुभएको थियो । उक्त अवसरमा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिले आगामी मौद्रिक नीतिका लागी निष्कृय कर्जा वर्गीकरण, पूँजी पर्याप्तता अनुपात, कृषि कर्जाको विस्तार, युवामैत्री योजना लगायतका बैंकिङ क्षेत्रसम्बन्धी सुझावहरू प्रस्तुत गरेका थिए ।

कार्यक्रममा उप-निर्देशक अच्युतकुमार थापाले वित्तीय ग्राहक संरक्षण सम्बन्धी विषयमा वार्ता प्रस्तुत गर्नुभएको थियो । सो अवसरमा उहाँले ग्राहक संरक्षणका विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाहरूको बारेमा स्पष्ट पार्दै नेपाल राष्ट्र बैंकमा आउने गुनासोहरू न्यूनीकरण गर्न बैंक तथा वित्तीय संस्थाले आफ्नो भूमिका प्रभावकारी ढंगले निर्वाह गर्नु पर्ने धारणा राख्नुभयो ।

## सिद्धार्थनगर कार्यालय

सिद्धार्थनगर कार्यालयमा असार १५ गते बैंक तथा वित्तीय संस्थाका शाखा प्रमुख/प्रतिनिधिहरूसँग समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यालयका निर्देशक रमेश आचार्यको संयोजकत्वमा आयोजित उक्त कार्यक्रममा सहभागीहरूले बैंक तथा वित्तीय संस्थाहरूसंग सरकारी निकाय (जिल्ला प्रशासन, मालपोत, प्रहरी, स्थानीय तह)ले समन्वयकारी भूमिका निर्वाहमा उदासीनता देखाएको हुँदा नेपाल राष्ट्र बैंकको समन्वयकारी भूमिकाको अपरिहार्यता रहेको कुरा औंल्याएका थिए ।

अन्त्यमा, निर्देशक आचार्यले सहभागीहरूबाट राखिएका जिज्ञासाहरूका सम्बन्धमा नेपाल राष्ट्र बैंक सरकारी निकायहरूसंग समन्वयकारी भूमिका निर्वाहका लागि सदैव तयार रहेको बताउनुभयो । साथै, उहाँले बैंक तथा वित्तीय संस्थाहरूले नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएका निर्देशनहरू पूर्ण पालना गर्दै गुनासाहरू नआउने वातावरण




सिद्धार्थनगर कार्यालय


जनकपुर कार्यालय

बनाउन र ब्याजदर तथा कर्जाका सर्तहरूका बारेमा ग्राहकहरूलाई सरल तरिकाले जानकारी गराउन निर्देशन दिनुभयो ।

## जनकपुर कार्यालय

जनकपुर कार्यालयले असार १६ गते मधेश प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाका प्रमुख, मधेश प्रदेशमा प्रधान कार्यालय रहेका लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत र जनकपुरका बैंक तथा वित्तीय संस्थाका शाखा प्रवन्धकहरूको उपस्थितिमा वित्तीय साक्षरता तथा समसामयिक बैकिङ विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गर्‍यो ।

नेपाल राष्ट्र बैंक, जनकपुर कार्यालयका निर्देशक डिलाराम सुवेदीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंकका कर्मचारी र बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरू गरी जम्मा ५० जनाको सहभागीता रहेको थियो ।

कार्यक्रममा छलफलका क्रममा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूले वित्तीय साक्षरताको कार्यदिशा, कर्जा लगानी सम्बन्धी व्यवस्था, कृषि तथा विपन्नवर्ग कर्जा, नगद कारोवार, कालोसुची सम्बन्धी व्यवस्थाका व्यवहारिक पक्ष, कर्जा असुलीका समस्यालगायत समसामयिक बैंकिङ क्षेत्रका समस्याका विषयमा धारणा राखेका थिए ।

कार्यक्रममा उठेका जिज्ञासाहरूलाई सम्बोधन गर्दै जनकपुर कार्यालयका निर्देशक डिलाराम सुवेदीले बैक तथा वित्तीय संस्थाहरूले हाल गरिरहेको वित्तीय साक्षरता कार्यक्रम पर्याप्त र प्रभावकारी नभएकोले सर्वप्रथम आफ्नै कर्मचारीहरूलाई न्युनतम वित्तीय मार्गदर्शनमा शिक्षित बनाउने, सरकारी तथा स्थानीय तहमा र यस क्षेत्रको सीमावर्ती स्थानमा गरिने वित्तीय साक्षरता कार्यक्रमको ढाँचा बनाएर पेश गर्न निर्देशन दिनुभयो । साथै, बैंक तथा वित्तीय संस्थाका ग्राहकहरू कतिपय सानातिना गुनासा लिएर नेपाल राष्ट्र बैंक आउने गरेको विषय उल्लेख गर्दै त्यस्ता गुनासाहरू सम्बन्धित बैंकमै समाधान गर्न तथा ग्राहकमैत्री भएर कार्य गर्न समेत बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन दिनुभयो । कार्यक्रमको सञ्चालन जनकपुर कार्यालयका सहायक छबिलाल भण्डारीले गर्नुभएको थियो ।

## सुर्खेत कार्यालय

सुर्खेत कार्यालयले असार १८ गते वीरेन्द्रनगरस्थित विकास बैंक तथा वित्त कम्पनीका प्रदेश प्रमुख र शाखा प्रमुखहरूसँग समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गर्‍यो ।

अन्तरक्रिया कार्यक्रममा सहभागीहरूले चालु आर्थिक वर्षमा कर्णाली प्रदेशमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएका कार्यहरू, निक्षेप संकलन र कर्जा प्रवाहको अवस्था, कर्जा असुली तथा कर्जाको गुणस्तर साथै, डिजिटल भुक्तानी प्रणालीको प्रगति लगायतका समसामयिक विषयमा तथ्याङ्क प्रस्तुत गरेका थिए ।

कार्यक्रममा सुर्खेत कार्यालयका प्रमुख/उप निर्देशक राजन प्रसाद रेग्मीले सहभागीहरूले उठाएका जिज्ञासाको जवाफ दिँदै धन्यवाद ज्ञापन गर्नु भएको थियो । कार्यक्रमको सञ्चालन सहायक निर्देशक रमेश पंगेनीले गर्नुभएको थियो ।

## नेपालगञ्ज कार्यालय

नेपालगञ्ज कार्यालयले असार २२ गते स्थानीय बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूसँग समसामायिक विषयमा छलफल कार्यक्रम सम्पन्न गर्‍यो । कार्यालयका निर्देशक नारायण प्रसाद पोखेलको संयोजकत्वमा सम्पन्न उक्त कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि र कार्यालयका कर्मचारीसमेत गरी जम्मा ५० जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा नेपालगञ्ज कार्यालयका निर्देशक पोखेलले कार्यपत्र प्रस्तुतिका क्रममा अर्थतन्त्रको वर्तमान अवस्थाको विषयमा सक्षिप्त चर्चा गर्नुभयो । साथै, कार्यक्रममा बैंक तथा वित्तीय संस्थाले सामना गरिरहेका विभिन्न समसामयिक समस्यामा केन्द्रीत रहेर छलफल भएको थियो । कार्यक्रमको अन्त्यमा निर्देशक पोखेलले छलफलमा उठेका जिज्ञासाको सम्बोधन गर्दै बैंक तथा वित्तीय संस्थालाई आवश्यक सुझाव तथा निर्देशन दिनुभएको थियो ।

कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै कार्यालयका उप-निर्देशक भुवानी प्रसाद गौतमले मन्तव्य सहित सहभागीहरूलाई स्वागत गर्नुभयो भने कार्यक्रम सञ्चालन सहायक आश्रित ओझाले गर्नुभएको थियो । ■


सुर्खेत कार्यालय


नेपालगञ्ज कार्यालय

# बर्दिया र जाजरकोटमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न



बर्दिया

वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाद्वारा नेपालगञ्ज कार्यालयको समन्वयमा जेठ ३० गते 'डिजिटल वित्तीय साक्षरता' सम्बन्धी कार्यक्रम बर्दियाको गुलरियामा सम्पन्न भयो। कार्यक्रम विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक रेवती प्रसाद नेपालको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो।

गुलरिया नगरपालिका अन्तर्गतका महाकवि देवकोटा माध्यमिक विद्यालय, बगलामुखी राधाकृष्ण थारु माध्यमिक विद्यालय, जनज्योति माध्यमिक विद्यालय, ध्रुव माध्यमिक विद्यालय, कोटही माध्यमिक विद्यालयका कक्षा १२ मा अध्ययनरत विद्यार्थी, शिक्षक, स्थानीय साना व्यवसायी, महिला, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिसहित ९० जनाको उपस्थिति रहेको उक्त कार्यक्रममा नेपालगञ्ज कार्यालयका निर्देशक नारायण प्रसाद पोखेलले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नु भयो।

कार्यक्रममा महाशाखाका उप-निर्देशक वशिष्ठ अधिकारीले वित्तीय साक्षरताको अवधारणा, आधारभुत वित्तीय ज्ञान, आवश्यकता र चाहनामा फरक, सोको प्राथमिकता निर्धारण, व्यक्तिगत वित्त, बचत, ऋण, लगानी, ब्याजदर, बीमा, नेपाल राष्ट्र बैंकको भूमिका र वित्तीय ग्राहक संरक्षणसम्बन्धी व्यवस्था लगायतका विषयमा प्रकाश पार्दै आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभयो।

कार्यक्रमको दोस्रो सत्रमा भुक्तानी प्रणाली विभागका उप-निर्देशक नन्द कुमार ढकालले डिजिटल वित्तीय सेवा र सोको उपयोगसम्बन्धी आधारभुत ज्ञान, विद्युतीय भुक्तानीका फाइदाहरू, विद्युतीय भुक्तानी कारोबारको सुरक्षित प्रयोगसम्बन्धी आधारभुत विषय तथा सुझावहरू र विद्युतीय भुक्तानी सेवा प्रवर्द्धनमा नेपाल राष्ट्र बैंकले गरेका प्रयास लगायतका विषयमा कार्यपत्र प्रस्तुत गर्नु भयो। कार्यपत्रको प्रस्तुतीकरणपश्चात् विद्यार्थी, साना व्यवसायी तथा महिलाहरू सामूहिक छलफलमा सहभागी हुनु भएको थियो।

सहभागीहरूको सामुहिक छलफल र कार्यशालाको क्रममा प्रस्तुत विषयवस्तुलाई स्थानीय भाषामा सहजीकरण गर्नुका साथै लघुवित्तसम्बन्धी जिज्ञासाको सम्बोधन गर्दै युनिक नेपाल वित्तीय संस्था लिमिटेडका कार्यकारी निर्देशक डा.गोपाल दहितले मन्तव्य राख्नुभयो।

कार्यकारी निर्देशक नेपालले सहभागीबाट राखिएका जिज्ञासाको सम्बोधन गर्दै वित्तीय साक्षरताको महत्वबारे प्रकाश पार्नु भयो। साथै उहाँले कर्जा लिँदा सोसम्बन्धी सर्तको पूर्णरुपमा जानकारी लिएर मात्र कारोबार गर्न, डिजिटल वित्तीय कारोबार गर्दा हुन सक्ने ठगीबाट जोगीन, उपहार, चिट्ठा तथा बहुमुल्य सामानको लोभ देखाई रकम पठाउन लगाई ठगी गर्ने जस्ता घटनाहरू घटीरहेको हुँदा त्यस्ता गतिविधिबाट सतर्क रहन र व्यवसायको बीमा गरी सम्भावित नोक्सानीबाट जोगिन तथा बैकिङ प्रणालीमार्फत मात्र वित्तीय कारोबार गर्न सुझाब दिँदै कार्यक्रम समापन गर्नुभएको थियो।

महाशाखाका सहायक निर्देशक रोलेन्द्र विक्रम जबेगुले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

यसैगरी, सोही महाशाखाले असार १२ गते जाजरकोटमा 'डिजिटल वित्तीय साक्षरता कार्यक्रम' आयोजना गऱ्यो। उक्त कार्यक्रम मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक रामु पौडेलको प्रमुख आतिथ्यमा भुक्तानी प्रणाली विभागका का.मु. निर्देशक सम्झना ढकाल, वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाका उप-निर्देशक टेकराज भण्डारी साथै सुर्खेत कार्यालयका कार्यालय प्रमुख उप-निर्देशक राजन प्रसाद रेग्मीसमेतको उपस्थितिमा सम्पन्न भयो।

कार्यक्रममा वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाका उप-निर्देशक भण्डारीले वित्तीय साक्षरताको अवधारणा, आधारभुत वित्तीय ज्ञान, आवश्यकता र चाहनामा फरक, व्यक्तिगत वित्त र सोको प्राथमिकता निर्धारण, बचत, लगानी, कर्जा, विप्रेषण, बिमा, वित्तीय अनुशासन आदिमा प्रकाश पार्दै आफ्नो कार्यपत्रको प्रथम सत्र प्रस्तुत गर्नुभयो। साथै, कार्यपत्रको दोस्रो सत्रमा भुक्तानी प्रणाली विभागका का.मु.निर्देशक ढकालले डिजिटल कारोबारसम्बन्धी आधारभुत ज्ञान, विद्युतीय भुक्तानीका फाइदा, विद्युतीय भुक्तानीमा हुन सक्ने जोखिम र ठगी लगायतका विषयमा प्रस्ट पार्नु भयो।

कार्यक्रममा कार्यकारी निर्देशक पौडेलले सहभागीबाट राखिएका जिज्ञासाको सम्बोधन गर्दै वित्तीय साक्षरता र डिजिटल वित्तीय साक्षरताको महत्वबारे प्रकाश पार्नु भयो। उक्त अवसरमा कर्जा लिँदा सोसम्बन्धी सर्तको पूर्णरुपमा जानकारी लिएर मात्र कारोबार गर्न, डिजिटल वित्तीय कारोबार गर्दा हुन सक्ने ठगीबाट जोगीन, उपहार, चिट्ठा तथा बहुमुल्य सामानको लोभ देखाई रकम पठाउन



जाजरकोट

लगाई ठगी गर्ने जस्ता घटनाहरू घटीरहेको हुँदा त्यस्ता गतिविधिबाट सतर्क रहन र व्यवसायको बीमा गरी सम्भावित नोक्सानीबाट जोगिन र बैङ्किङ प्रणालीमार्फत मात्र वित्तीय कारोबार गर्न सुझाव दिँदै कार्यक्रम समापन गर्नु भएको थियो।

कार्यक्रममा भेरी गाउँपालिका, जाजरकोटका स्थानीय साना व्यवसायी, महिला, विद्यार्थीहरू र बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। कार्यक्रम महाशाखाका सहायक मदन कुमार काफ्लेले सञ्चालन गर्नु भएको थियो भने सुर्खेत कार्यालयका प्रमुख उप-निर्देशक राजन प्रसाद रेग्मीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो। ■

# 'एकीकृत निर्देशन, २०८१' मा संशोधन

बैंक तथा वित्तीय संस्था नियमन विभागले 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको 'एकीकृत निर्देशन, २०८१' मा संशोधन तथा परिमार्जन गरी असार ९ गते परिपत्र जारी गरेको छ।

संशोधनअनुसार 'चालूपुँजी कर्जा सम्बन्धी मार्गदर्शन, २०७९' लागू हुनुपूर्व प्रदान गरिएका चालूपुँजी प्रकृतिका कर्जालाई मार्गदर्शनको पूर्ण पालना गरेर मात्र नवीकरण गर्न पाइने छ। मार्गदर्शनको पूर्ण पालना नगरी नवीकरण भएको पाइएमा उक्त कर्जामा शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ। तर, 'चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९' को बुँदा नं. ७ मा भएको Variance सम्बन्धी व्यवस्था २०८३ साउन १ गतेदेखि मात्र लागु हुनेछ। यसै गरी एकीकृत निर्देशनमा रहेको तोकिएका क्षेत्रमा कर्जा प्रवाह सम्बन्धी व्यवस्थामा पनि संशोधन भएको छ।

परिस्थितिवश समस्यामा परेका रु. २ करोडसम्मका तोकिएका क्षेत्र (कृषि, उर्जा र लघु, घरेलु, साना तथा मझौला उद्यम) मा प्रवाह भएको कर्जाको हकमा ऋणीको अनुरोधमा व्यावसायिक योजना तथा नगदप्रवाह लगायतका पक्षहरूको विश्लेषण गरी आवश्यकता र औचित्यको आधारमा बुझाउनुपर्ने ब्याजको कम्तीमा १० प्रतिशत रकम असुलउपर गरी देहायका शर्तहरूको अधीनमा रही एक पटकको लागि कर्जाको पुनरतालिकीकरण र/वा पुनरसंरचना गर्न सकिनेछ : (१) यस्तो पुनरतालिकीकरण र/वा पुनरसंरचना २०८२ असोज मसान्तभित्र गरिसक्नु पर्नेछ। (२) यसरी पुनरतालिकीकरण र/वा पुनरसंरचना गरिएको कर्जालाई २०८१ पुष मसान्तमा जुन वर्गमा वर्गीकृत गरिएको थियो कम्तीमा सोही वर्गमा वर्गीकरण गर्नुपर्नेछ। (३) पुनरतालिकीकरण र/वा पुनरसंरचना अघि गरिएको कर्जा नोक्सानी व्यवस्था write back गर्न पाइने छैन भन्ने व्यवस्था एकीकृत निर्देशन २०८१ मा थप गरिएको छ। ■

# 'चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९' मा संशोधन

बैंक तथा वित्तीय संस्था नियमन विभागले इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाबाट प्रदान हुने चालू पुँजी प्रकृतिका कर्जा सम्बन्धमा जारी भएको 'चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९' मा संशोधन गरी असार ९ गते सूचना जारी गरेको हो।

संशोधित व्यवस्था अनुसार चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ लागु भएको मिति २०७९/०७/०१ पूर्व प्रवाह भएका चालु पुँजीकर्जालाई यस मार्गदर्शनअनुसार पहिलो पटक पुनरावलोकन वा नवीकरण गर्दा मार्गदर्शनले तोकेको सीमाभन्दा बढी प्रवाह भएका कर्जामध्ये भुक्तानी हुन बाँकी कर्जा रकमलाई समान आवधिक किस्ता कायम गरी २०८४ असार मसान्तसम्ममा भुक्तान हुने गरी भुक्तानी तालिका निर्धारण गरी असुलउपर गर्नुपर्नेछ। तर, यस्तो कर्जामा यस अघि कायम रहेको कर्जा नोक्सानी व्यवस्था रकम कर्जा नियमित नभएसम्म फिर्ता (write back) गर्न पाईने छैन। यसरी गरिएको कर्जा समायोजनलाई कर्जा वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्थाको प्रयोजनका लागि पुनरतालिकीकरण वा पुनरसंरचना मानिने छैन भन्ने रहेको छ। ■

## Major Financial Indicators

as on Jeth End, 2082 (Mid-June, 2025)

| | | Class "A" | Class "B" | Class "C" | Overall |
|---|---|---|---|---|---|
| **A. Credit, Deposit Ratios (%)** | | | | | |
| 1 | Total Deposit/GDP | 102.56 | 10.05 | 2.08 | 114.69 |
| 2 | Total Credit/GDP | 80.97 | 8.52 | 1.67 | 91.15 |
| 3 | Total Credit/ Total Deposit** | 78.94 | 84.80 | 80.15 | 79.48 |
| 4 | CD Ratio* | 77.78 | 84.47 | 79.64 | 78.39 |
| 5 | Fixed Deposit/Total Deposit | 49.49 | 51.51 | 66.48 | 49.98 |
| 6 | Saving Deposit/Total Deposit | 36.07 | 38.48 | 23.99 | 36.06 |
| 7 | Current Deposit/Total Deposit | 6.20 | 2.16 | 1.11 | 5.75 |
| 8 | Call Deposit/Total Deposit | 7.43 | 7.72 | 8.36 | 7.47 |
| 9 | NPL/ Total Loan^ | 5.05 | 5.56 | 13.04 | 5.24 |
| 10 | Total LLP /Total Loan | 5.21 | 5.31 | 11.55 | 5.34 |
| 11 | Deprived Sector Loan/Total Loan $^ | 5.60 | 7.12 | 5.47 | 5.74 |
| **B. Liquidity Ratios (%)** | | | | | |
| 1 | Cash & Bank Balance/Total Deposit | 7.59 | 6.16 | 6.91 | 7.45 |
| 2 | Investment in Gov. Securities/Total Deposit | 16.66 | 14.05 | 11.71 | 16.34 |
| 3 | Total Liquid Assets/Total Deposit | 25.01 | 22.10 | 23.86 | 24.74 |
| **C. Capital Adequacy Ratios (%)** | | | | | |
| 1 | Core Capital/RWA | 9.50 | 10.27 | 10.55 | 9.58 |
| 2 | Total Capital/RWA | 12.34 | 12.97 | 12.51 | 12.40 |
| **D. Financial Access** | | | | | |
| 1 | No. of institutions | 20 | 17 | 17 | 54 |
| 2 | No. of Branches | 5,095 | 1,132 | 291 | 6,518 |
| 3 | No. of Deposit Accounts | 50,986,171 | 7,475,347 | 967,849 | 59,429,367 |
| 4 | No.of Loan Accounts | 1,644,545 | 271,027 | 50,986 | 1,966,558 |
| 5 | No. of Branchless Banking Centers | 863 | 17 | - | 880 |
| 6 | No. of Branchless Banking Customers | 276,289 | 1,027 | - | 277,316 |
| 7 | No. of Mobile Banking Customers | 23,548,722 | 3,626,211 | 290,063 | 27,464,996 |
| 8 | No. of Internet Banking Customers | 2,051,645 | 595,295 | 18,203 | 2,665,143 |
| 9 | No. of ATMs | 4,880 | 344 | 41 | 5,265 |
| 10 | No. of Debit Cards | 12,291,091 | 1,225,371 | 75,552 | 13,592,014 |
| 11 | No. of Credit Cards | 311,260 | 3,193 | - | 314,453 |
| 12 | No. of Prepaid Cards | 242,397 | 4,043 | - | 246,440 |

| **E. Interest Rate(%)** | | |
|---|---|---|
| 1 | **Wt. Avg Interest Rate on Deposit** | **4.29** |
| | (a) Saving | 3.38 |
| | (b) Fixed | 5.92 |
| | (c) Call | 1.12 |
| 2 | **Wt. Avg Interest Rate on Credit** | **7.99** |

**Note:**

Bank balance includes money at call

Nominal GDP for 2024/25(P) stands at Rs. 6,107,220 million

(Source:https://nsonepal.gov.np/content/13365/annuppout-statistics-regarding-national-audit-of-national/)

Number of branches include head office, banking branches and extention counters

$ 6 months prior Total Loan has been used to calculate Deprived Sector Lending Ratio

^Data as on Chaitra end of FY2081/82 (2024/25)

*CD Ratio =

$$\frac{Total\ Credit}{Total\ Deposit + Debentures\ not\ designated\ for\ capital\ fund + NRB\ Refiance\ loan + FCY\ loan\ more\ than\ or\ equal\ to\ 1\ year - Interbank\ Deposit}$$

**Total Credit / Total Deposit = $\frac{Total\ Credit}{Total\ Deposit}$ (As per balance sheet)

# बैंकिङ क्षेत्र सुधार सुझाव कार्यदलद्वारा प्रतिवेदन पेस

बैंकिङ क्षेत्र सुधार सुझाव कार्यदलले गभर्नर प्रा.डा.विश्वनाथ पौडेलसमक्ष २०८२ असार ३१ गते अन्तिम प्रतिवेदन पेस गर्‍यो ।

बैंकिङ क्षेत्रको समग्र सुधार र सुदृढीकरणका लागि सुझाव पेश गर्ने उद्देश्यले डा. रेवतबहादुर कार्कीको संयोजकत्वमा नेपाल बैंकर्स संघका पूर्व अध्यक्ष भुवनकुमार दहाल सदस्य एवम् बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरु प्रसाद पौडेल सदस्य सचिव रहने गरी देहायका विषयमा सुझाव दिन २०८१ जेठ ३० गते "बैंकिङ क्षेत्र सुधार सुझाव कार्यदल" गठन भएको थियो ।

- बैंकिङ नीति नियमनलाई उदार तर विवेकशील (प्रुडेन्सियल), जोखिममा आधारित प्रभावकारी सुपरिवेक्षण र ग्राहकमैत्री बैंकिङ सेवाको विकासका सम्बन्धमा ।
- आर्थिक गतिविधि पूर्ण चलायमान बनाउन बैंकिङ क्षेत्रले खेल्नुपर्ने भूमिकाका सम्बन्धमा ।
- ग्रामीण क्षेत्रमा कर्जा प्रवाहलाई प्रभावकारी बनाउन चाल्नुपर्ने कदमका सम्बन्धमा ।
- बैंक तथा वित्तीय संस्था गाभ्ने र प्राप्ति तथा उक्त कार्यपछिका समस्याहरूको पहिचान तथा समाधानको सुझावका सम्बन्धमा ।
- नेपाललाई ग्रे लिष्टबाट हटाउन बैंकिङ क्षेत्रले खेल्नुपर्ने भूमिका सम्बन्धमा ।
- पुँजीबजार विकासमा केन्द्रीय बैंकको समन्वयात्मक भूमिका सम्बन्धमा ।



गभर्नर डा. पौडेल प्रतिवेदन ग्रहण गर्नुहुँदै ।

यसअघि कार्यदलले गभर्नर डा.पौडेलसमक्ष २०८२ असार २४ गते प्रारम्भिक प्रतिवेदन बुझाएको थियो ।

# बैंकर्स प्रशिक्षण केन्द्रद्वारा विभिन्न तालिम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले २०८२ असार महिनामा दुईवटा तालिम कार्यक्रमहरू सम्पन्न गर्‍यो ।

यस क्रममा केन्द्रले भक्तपुरको बोडेमा असार १ देखि ३ गतेसम्म Cyber Security Issues in Payment and Settlement System in Nepal विषयक अधिकृत स्तरीय तालिम कार्यक्रम सञ्चालन गरेको थियो । Emerging Technology, Regulatory Framework for Cyber Resilience in the Payment System, Cyber Security – Best Practices, Digital Ecosystem in Nepal लगायतका आठवटा सत्रमा सञ्चालित उक्त तालिममा विभिन्न विभाग/कार्यालयका २० जना कर्मचारीको सहभागिता रहेको थियो ।

यसैगरी, केन्द्रले जेठ ८ देखि १९ गतेसम्म नवनियुक्त सहायक निर्देशकहरूका लागि पूर्व-सेवाकालीन तालिम सञ्चालन गर्‍यो । कार्यक्रममा ३४ जना नवनियुक्त सहायक निर्देशकहरूको सहभागिता रहेको थियो ।

# खुला प्रतियोगितात्मक परीक्षाबाट कर्मचारी नियुक्त

२०८१ असार मसान्तसम्ममा रिक्त रहेका प्रशासन सेवातर्फका पदमा लोकसेवा आयोगबाट लिइएको विज्ञापन नं. १२/२०८१ को खुला प्रतियोगितात्मक परीक्षाबाट सफल हुनु भएका ३४ जना सहायक निर्देशकहरूको २०८२ असार ५ को निर्णयानुसार असार ८ गते पदस्थापन भयो ।

यसरी नियुक्त हुनुहुने सहायक निर्देशकहरू योग्यताक्रमअनुसार क्रमशः विमल पराजुली, स्मृति घिमिरे, विशाल अर्याल, शारदा अधिकारी, सिल्सा आचार्य, भिक्टर कुमार सापकोटा, सिर्जना अधिकारी, स्मृति कोइराला, विनोद भुसाल, सरिना खड्गी, रोशन न्यौपाने, आरती मण्डल, अस्मिता घिमिरे, भावना खड्का, मनिष सिग्देल, उमंग कटुवाल, माधव प्रसाद खनाल, मन्जिला त्रिपाठी, रोबिका श्रेष्ठ, रोशन राई, सोनाली सिंह थापा, सन्जु आचार्य, श्रीजन राजभण्डारी, सरस्वती कार्की, सुदिप श्रेष्ठ, बाबु राम बोहोरा, कंचन गुप्ता, बिरजित रोकाया, ऋषीका कोठारी, सोनम पोद्दार,



निमा पाण्डे, सत्य प्रकाश पटेल, भुपेन्द्र विश्वकर्मा र विवेक रजक हुनुहुन्छ ।

यसैगरी लोकसेवा आयोगबाट लिइएको खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन नं. १३/२०८१ बाट १३ जना सहायक र विज्ञापन नं. १४/२०८१ बाट ५ जना सहायक (सूचना प्रविधि) को असार ३० गते पदस्थापन भयो ।

यसरी नियुक्त तथा पदस्थापना हुनुहुने सहायकहरू योग्यताक्रमअनुसार क्रमशः सन्देश गिरी, इसा निरौला, दिक्षा लुइँटेल, स्वीकार्य कागन्जा, गिता पाण्डे, प्रसन्न भण्डारी, देश कुमार राई, अर्जुन वि.क., आकांक्षा भट्ट, गिर्जा जोशी, आदर्श गुप्ता, भक्त बहादुर लिम्बु र आज्ञा स्वर्णकार हुनुहुन्छ । यसैगरी सहायक (सूचना प्रविधि) तर्फ योग्यताक्रमअनुसार क्रमशः अञ्जली चापागाई, दिव्य ज्योती पोखरेल, बुद्धी बहादुर साउँद, शभेच्छा पौड्याल र अनिल विक्रम थारुको नियुक्ति तथा पदस्थापना भएको छ ।

*नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूलाई हार्दिक बधाई तथा शुभकामना ज्ञापन गर्दछ । ■

# अधिकारी कार्यकारी निर्देशकमा बढुवा

नेपाल राष्ट्र बैंकका निर्देशक (अधिकृत प्रथम) श्री निश्चल अधिकारी २०८२ साल असार २७ गते कार्यकारी निर्देशक (अधिकृत विशिष्ट) पदमा बढुवा हुनुभएको छ । वि.सं. २०६४ कात्तिक १२ गते सेवा प्रवेश गर्नुभएका अधिकारी २०७५ असोज ४ गते निर्देशकमा पदोन्नति हुनुभएको थियो । *नेपाल राष्ट्र बैंक समाचार* उहाँलाई हार्दिक बधाई तथा शुभकामना ज्ञापन गर्दछ ।

# अवकाश

कार्यकारी निर्देशक राम प्रसाद गौतमले असार २५ गते बैंक सेवाबाट अवकाश पाउनुभएको छ । २०५४ मंसीर २२ गते बैंक सेवामा प्रवेश गर्नुभएका गौतम पछिल्लो समय वित्त व्यवस्थापन विभागमा कार्यरत हुनुहुन्थ्यो । उहाँले ५८ वर्ष उमेरहदका आधारमा अवकाश पाउनुभएको हो । त्यसैगरी २०५३ चैत २७ मा बैंक सेवामा प्रवेश गर्नुभएका उप निर्देशक डण्ड प्रसाद खरेलले पनि ५८ वर्ष उमेरहदका आधारमा असार ४ गते बैंक सेवाबाट अवकाश प्राप्त गर्नुभएको छ ।

यसैगरी, सहायकद्वय राम बहादुर कटुवाल र मोन बहादुर मगर, उप प्रधान चालक सोहन लाल चौधरी, उप सहायकद्वय सिद्धराज भट्ट र इन्द्र सिंह विष्ट तथा कार्यालय सहयोगी प्रथम धनीराम चौधरी, हिरामान श्रेष्ठ र झन प्रसाद कोइरालाले असार ८ गते बैंक सेवाबाट अवकाश पाउनुभएको छ । २०५२ असार ८ गते नियुक्त हुनुभएका उहाँहरूले ३० वर्ष सेवाअवधिका आधारमा अवकाश प्राप्त गर्नुभएको हो ।

*नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूको सुखद अवकाश जीवनको हार्दिक शुभकामना व्यक्त गर्दछ । ■

*प्रकाशक*

**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**

**सूचना तथा सञ्चार महाशाखा**

बालुवाटार, काठमाडौं, फोन : ५७१९६४१/४२, Ext.: २१३९/२१४०

इमेल : samachar@nrb.org.np,

वेबसाइट : www.nrb.org.np

*सम्पादक*

**डा. संजयप्रसाद मिश्र**

*सम्पादन सहयोगी*

सविन ओली

महेश दत्त भट्ट

नवीना ताम्राकार

*ले-आउट*

संजीव दाहाल